# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, कात्तिक ९ गते २०५५ साल (संख्या २७

## भाग ३

### श्री ५ को सरकार

### भूमि सुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी इलाम जिल्लाको चुलाचुली क्षेत्रमा रहेको अव्यवस्थित बसोबासको समस्या समाधान गर्न देहायबमोजिम एक समिति गठन गरी समितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि देहायबमोजिम तोकेको छ।

१. समितिको गठनः– (१) समितिको गठन देहायबमोजिम हुनेछः–

| | |
|---|---|
| (क) श्री निरन्जनप्रसाद आचार्य, मोरङ | अध्यक्ष |
| (ख) श्री हरिप्रसाद खनाल, इलाम | सदस्य |
| (ग) श्री नरेन्द्र तुम्वापो, इलाम | सदस्य |
| (घ) श्री जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय, इलाम | सदस्य |
| (ङ) श्री मालपोत अधिकृत मालपोत कार्यालय, इलाम | सदस्य-सचिव |

(२) समितिले आवश्यकतानुसार सम्बन्धित वन कार्यालय, नापी शाखा, आवास कार्यालय, सडक कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकास समितिको कार्यालय र सुकुम्बासी समस्या समाधान समितिका प्रतिनिधिहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२. समितिको कार्यक्षेत्र :–

समितिको कार्यक्षेत्र इलाम जिल्लाको चुलाचुली क्षेत्र हुनेछ ।

३. समितिको काम, कर्तव्य र अधिकार :– (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ –

(क) उल्लिखित क्षेत्रमा देखिएको जग्गा दर्ताको समस्या समाधानको क्रममा समितिले साविकमा नापी भएकोमा सोही नाप नक्साको आधारमा र नापी हुन बाँकी भए नाप नक्सासमेत गराई वातावरण, भूक्षय, नदी कटान, वन सीमासमेतलाई दृष्टिगत गरी तत्सम्बन्धी विद्यमान ऐन नियमसमेतको आधारमा जग्गाको यकिन गरी जग्गा दर्ता गर्ने ।

(ख) यसअघि समय-समयमा श्री ५ को सरकारले गठन गरेको आयोग वा समितिबाट भए गरेका काम कारबाहीहरूको अध्ययन गरी आवश्यक परे नाप नक्सासमेत गर्ने ।

(ग) जग्गा दर्ताको कारबाहीका क्रममा सो क्षेत्रमा बसोबास गरिआएका व्यक्तिको निवेदन लिने, सूचना प्रकाशन गर्ने, सरजमिन गर्ने, गराउने साँध सँधियार बुझ्ने लगायतका कार्यविधिहरू समिति आफैंले निर्धारण गर्ने ।

(घ) समितिले जग्गा दर्ताको क्रममा आवश्यक कित्ताकाट समेत गराई वास्तविक भोगवाला यकिन गरी सोही भोगका आधारमा सम्बन्धित व्यक्तिका नाममा जग्गा दर्ता गर्ने ।

(ङ) उक्त क्षेत्रमा रहेका विद्यालय, पाटी पौवा, सरकारी कार्यालय र अन्य धार्मिक एवं सामाजिक संघ संस्थाहरूले भोग चलन गरेका जग्गाहरू बिक्री वितरण गर्न नपाउने गरी भोगबमोजिम ती निकाय वा संस्थाको नाममा दर्ता गर्ने ।

(२) उपदफा (१) मा व्यवस्था गरिएकोमा बाहेक सरकारी तथा सार्वजनिक प्रकृतिका अन्य जग्गाहरूका सम्बन्धमा समितिले सोही व्यहोरा जनाई श्री ५ को सरकारको नाममा दर्ता गर्नेछ ।

(३) समितिबाट भए गरेको जग्गा दर्तासम्बन्धी स्रेस्ता तथा मिसिल कागजातहरू काम सम्पन्न भएपछि सम्बन्धित मालपोत कार्यालय र नापी शाखामा बुझाउनु पर्नेछ ।

२१०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **समितिको कार्यालय :–**

समितिको कार्यालय स्थानको उपयुक्तता हेरी उल्लिखित क्षेत्रको कुनै स्थानमा राख्न सकिनेछ ।

५. **समितिको कार्यावधि :–**

समितिको कार्यावधि काम शुरु भएको मितिले चार महिनाको हुनेछ ।

आज्ञाले,
रेवतीरमण पोखरेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५५।५।२६ को निर्णयानुसार स्थानीय भत्ता प्रयोजनको लागि गोरखा जिल्लाको लापु, गुम्दा, लाप्राक र उहिया गाउँ विकास समितिहरूलाई "ख" क्षेत्रमा समावेश गरिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
विमलप्रसाद कोइराला
श्री ५ को सरकारको का. मु सचिव

299



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

# भाग ४

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले सर्वसाधारणको हितलाई ध्यानमा राखी नेपाल अधिराज्यमा चल्ने विभिन्न सवारी साधनहरूमा त्यस्ता सवारी साधनभित्रका व्यक्ति वा सामान नदेखिने गरी स्टिकरहरू प्रयोग गर्न नपाउने गरी यो सूचना जारी गरेको छ ।

आज्ञाले,
पदमप्रसाद पोखरेल
श्री ५ को सरकारको सचिव

292



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।